नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

ताप्लेजुङ

☎०२४-४६०१९६
℡०२४-४६१०२१

प स: ०८०।८१
च न: १०१८

मिति- २०८०।१२।१८

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री ताप्लेजुङ स्थित नगरपालिका तथा गाउपालिका सवै ।

प्रस्तुत विषयमा जग्गा दर्ता गर्न सम्म छुट भएका जग्गाधनीहरुका लागि नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा सूचना प्रकाशित भइसकेको र कार्यालयले समेत सहजिकरणका लागि मिति २०८०/१२/१६ गते सूचना प्रकाशित गरेको हुँदा ताहाँ नगरपालिका/गाउपालिकामा समेत सूचना टाँस गरिदिनुहुन अनुरोध छ । साथै सूचना यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ ।

२०८०/१२/१६

..............................
(निर्मल शेर्पा)
कार्यालय प्रमुख

निर्मल शेर्पा
कार्यालय प्रमुख

# छुट जग्गा दर्ता सम्बन्धी मालपोत कार्यालय, ताप्लेजुङको सूचना

प्रस्तुत विषयमा मालपोत नियमावली २०३६ को नियम ४ (क) को उपनियम १ को प्रयोजनको लागि जग्गा (नापजाँच) ऐन २०१९ बमोजिम नापनक्सा भएको जग्गा दर्ता गर्न सम्म छुट भएकोमा जग्गाधनीको लागि जग्गा दर्ता गर्न नेपाल सरकारले नेपाल राजपत्रमा भाग ५ खण्ड ७३ संख्या ५० मिति २०८०/१०/११ गते सूचना प्रकाशित गरी तोकिएको म्याद भित्र सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले निवेदन दिने र यस अघि नै निवेदन परी फछ्यौंट हुन बाँकी रहेका पुराना निवेदन फछ्यौंट गर्ने म्याद सूचना प्रकाशन भएको मितिले २(दुई) वर्ष तोकेको हुँदा तपशिल बमोजिम आवश्यक प्रमाण पुगेको हकमा यस जिल्लामा नापनक्सा भएको जग्गा दर्ता गर्न सम्म छुट हुने जग्गाधनीले मालपोत कार्यालय ताप्लेजुङमा तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिन्छ ।

निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

१. नापी कार्यालयबाट प्रमाणित भएको क्षेत्रिय किताब (फिल्ड बुक) प्रतिलिपि
२. नक्साको प्रमाणित प्रतिलिपि
३. साविक लगत (साविक जग्गा विवरण)
४. जग्गाको तिरो तिरेको निस्सा वा प्रमाण
५. भूमि सुधार सम्बन्धी ७ नं. अनुसूची फारम
६. भूमि सुधार सम्बन्धी २ नं. अनुसूची फारम
७. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
८. स्थानीय तहको जोतभोग/हकभोगको ब्यहोरा खुलाई जग्गा दर्ताको लागि किटानी सिफारिस
९. सम्बन्धीत जग्गाको वडा कार्यालयबाट चारकिल्ला प्रमाणित
१०. अन्य आवश्यक प्रमाण:-
   क. जग्गाधनी मृतक भए हकवालाले जग्गा नामसारीका लागि दर्तावालसँगको नाता प्रमाणित र सम्बन्धित वडा कार्यालयको हकदार खुलेको किटानी सिफारिस, मृत्युदर्ता प्रमाण पत्र, प्रमाणित सर्जमिन मुचुल्का समेतका कागजात पेश गर्नुपर्नेछ
   ख. मागदावी लाई पुष्टि गर्ने अन्य आवश्यक प्रमाण

कार्यालयमा निवेदन पेश गर्दा सक्कल कागजात समेत ल्याउनु पर्नेछ ।

थप जानकारी आवश्यक भए मालपोत कार्यालय ताप्लेजुङबाट समेत बुझ्न सकिने छ ।

कार्यालय सम्पर्क नं. ०२४४६०१९६

निर्मल शेर्पा
कार्यालय प्रमुख